# लाल समुद्रबाट



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान १२:३१-३६; याकूब २:१७-२०; प्रस्थान १३:१-१४:३१; हिब्रू ११:२२; प्रस्थान १५:१-२१; प्रकाश १५:२-४।*

**याद गर्नुपर्ने पद:** **"मोशाले इस्राएलीहरूलाई भने, 'तिमीहरू नडराओ, स्थिर होओ, र परमप्रभुले आज तिमीहरूलाई दिनुहुने छुटकारा हेर। यी मिश्रीहरू जसलाई तिमीहरूले आज देखेका छौ, उनीहरूलाई तिमीहरू फेरि कहिल्यै देख्नेछैनौ। परमप्रभु नै तिमीहरूका निम्ति लड्नुहुनेछ। तिमीहरू केवल स्थिर बस"** *(प्रस्थान १४:१३-१४)*।

**पुरानो** करारमा परमेश्वरका जनहरूको अत्यन्तै शानदार, भव्य र गौरवमय नाटकिय घटनाको विवरण प्रस्थानको पुस्तकमा छ। यो घटनाचाहिँ परमेश्वरले हिब्रूका शत्रुहरूलाई जितेर प्रतिज्ञा गरिएको भूमिमा तिनीहरूलाई कसरी ल्याउनुभयो भन्ने ईश्वरीय नमुनाको उदाहरण हो। यो येशूले ल्याउनुहुने मुक्ति र उद्धारको प्रतिक पनि हो।

मानवीय दृष्टिकोणले इस्राएलीहरू अत्यन्तै घातक र खतराको परिस्थितिमा थिए। जुन परिस्थितिलाई तिनीहरूले सामना गर्न बाध्य भएको थियो त्यसबाट निकासा हुन असम्भव नै थियो। तिनीहरू कुनै कारणले

आफूलाई त्यसबाट राहत दिन सक्दैनथ्यो। यदि तिनीहरूको उद्धार गरिने हो भने परमेश्‍वरको हस्तक्षेपले मात्र हुन सक्थ्यो। हामीमा भएको पाप र हामी पनि त्यही गतिमा छौं। हामी आफैले कुनै उपायद्वारा पापबाट अलग हुन सक्दैनौं। हामी पनि नैराश्य परिस्थितिमा छौं। हामीलाई प्रस्थानभन्दा ठूलो नाटकिय परिस्थितिको आवश्यक छ। त्यो हो येशूका क्रूस र हामी सबैका निम्ति उहाँले गर्नुभएको काम।

इस्राएलीहरू मिश्रदेशको गोशेनलाई छोडेको कथा प्रस्थान १२मा छ। अनि त्यहाँदेखि प्रस्थान १५मा उल्लेख गरिएको मोशाको गीतसम्मको भाग अत्यन्तै अद्‌भुत र विश्‍वासै गर्न नसकिने कथा हो। मानिसहरूका उद्धारको निम्ति परमेश्‍वरका अनेकौँ चिन्ह, अचम्मको काम र आश्‍चर्य तरिकाहरूले उहाँको शक्तिको चुचुरोलाई देखाइएको छ।

तर त्यो प्रस्थानमा घटेको नाटक केवल क्रूसको पूर्व सूचना थियो। जुन ख्रीष्टले क्रूसमा गर्नुभएको कामको तुलना कसैसँग गर्न सकिँदैन।

## जाऊ, र प्रभुको आराधना गर

निस्तार चाडको रातमा जसका ढोकाहरूका चौकोसहरूमा रगत छर्किएको थिएन, तिनीहरूमाथि परमेश्वरको न्याय बज्रिएको थियो *(प्रस्थान १२:१-१२)*। कुनै ओहोदा, शिक्षा, सामाजिक प्रतिष्ठा र लिङ्गको कारणले कोही पनि न्यायबाट अलग हुन सकेन। फारोदेखि दासहरू र पशुहरूमा पनि परमेश्वरको दण्डको प्रहार भएको थियो। मिश्रदेशको अभिमान धुलोमा मिसिएको थियो।

पढ्नुहोस्: **प्रस्थान १२:३१-३६ पढ्नुहोस्। फारोले अनौठो अनुरोध किन गरे र तिनीहरूलाई निस्केर जाऊ भनेर आदेश दिँदा पनि किन त्यही अनुरोध गरे?**

______________________________________________

______________________________________________

फारोले नै हिब्रूहरूलाई जाऊ र आराधना गर भनेर आदेश दिएको र “मलाई पनि आशिष् देऊ” भन्ने अनुरोधचाहिँ अचम्मलाग्दो छ।

*मलाई पनि आशिष् देऊ?*

यस पृथ्वीको देवता भनेर जनताहरूले मानेका मिश्रदेशका राजाले आफूलाई पनि आशिष् देऊ भनेर किन अनुरोध गरे? हिब्रूहरूका परमेश्वरको शक्तिलाई उनले आखिरमा बुझ्न सक्ने भएका थिए र त्यसबाट आफू पनि फाइदा उठाउन चाहेका त्यसले देखाउँछ। तर उनी उहाँप्रतिको विद्रोहको पराकाष्ठामा पुगेका, अभिमानी, हठी, पापी र घमण्डले चूर भएका राजालाई उहाँले कसरी आशिष् दिन सक्नुहुन्थ्यो होला? उनले आखिरमा हिब्रूहरूलाई जान अनुमति दिए, तर यह्वेप्रति समर्पित भएर होइन, उहाँसँग हारेको कारण उनले त्यसो गरे। उनले पश्चात्ताप गरेका थिएनन् जुन पछिको कथाले हामीलाई बताउँछ। उनको राज्यमा भइरहेको विनाशलाई उनले केवल रोक्न मात्र चाहेका थिए।

फारोलाई झुकाइए। अत्यन्तै नाजुक महामारीहरूबाट उकासिन्दै यो भयाभव र त्राहि-त्राहि परिस्थितिमा उनी परेका थिए। इस्राएलीहरूलाई मिश्रदेश छोड्न उनले अनुमति दिन्छन्। पहिला त्यो अनुमति दिएका थिएनन्। आफ्ना जनहरू जतिसुकै मार भए तापनि उनलाई वास्ता थिएन। तर त्यो मार आफ्नै परिवारमा परेपछि उनी ब्युँझे।

मिश्रीहरू पनि तिनीहरू निस्केर गएका उत्सुक थिए। यो हामीले बुझ्न सक्छौं। तिनीहरूले अनुरोध गरे, "तपाईंहरू जानुहोस् नत्र हामी सबै मर्नेछौं।"

इस्राएलीहरू खाली हात नजाओस् भनेर परमेश्वरले प्रावधान बनाउनुभएको थियो। तिनीहरूलाई आवश्यक भएका थोकहरू तिनीहरूको हातमा पर्नुपर्नेथियो। तिनीहरूले अपेक्षा गरेको भन्दा यात्रा लामो थियो। मिश्रीहरूले आफूसँग भएका गहना र बहुमूल्य वस्तुहरू यहूदीहरूलाई दिए किनकि तिनीहरू छिटो देशबाट निस्कियोस् भनेर मिश्रीहरूले चाहेका थिए। सयौँ वर्षसम्म दास भएर नपाएको तलब ती वस्तुहरूबाट पाएका थिए। मिश्रीहरूका निम्ति हिब्रूहरू देशबाट निकाल्नु नै यति महत्त्वपूर्ण थियो कि तिनीहरूका निम्ति तिनीहरूका सम्पत्तिको केही मोल थिएन।

**नतिजाको कारण हामी पनि हाम्रा क्रियाकलापहरूले झट्टै पछुटो गर्छौं तर ती क्रियाकलापहरू गल्ती थिए भनेर स्वीकारेको कारणले होइन। यो सही र पक्का पछुतो किन होइन? केही समय राहत दिनको निम्ति मात्र हामीले हाम्रा पापहरूबाट ठिक्क पारेर पछुतो गर्नुबाट हामी कसरी जोगिने?**

# पहिला जन्मेको समर्पण

प्रतिज्ञा गरिएको मुक्ति वा उद्धार आउनै लागेको थियो। मानिसहरू तयार हुन आवश्यक थियो। तिनीहरूले केवल विश्वास गरेर मात्र पुग्दैनथ्यो तिनीहरू सक्रिय हुनुपर्थ्यो। तिनीहरूले के गर्नुपर्छ भनेर परमेश्वरले तिनीहरूलाई बताउनुभएको थियो। अब विश्वासद्वारा तिनीहरूले उहाँको निर्देशन पालन गर्नुपरेको थियो। याकूबले अर्कै सन्दर्भमा व्यक्त गरे तापनि उनको भनाइ यस परिस्थितिमा पनि मिल्दछ: "मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ?" *(याकूब २:१७-२०)*।

पढ्नुहोस्: **प्रस्थान १३:१-२६ पढ्नुहोस्। परमेश्वरले आफ्नो अनुग्रह देखाउनुभएकोले जेठो जन्मेकोलाई अन्तिम महामारीमा बचाउनुभएको थियो। यहाँ उल्लेख गरिएको आज्ञाले किन निरन्तरता पाउनुपर्छ र हाम्रो निम्ति यसको अर्थ के छ?**

चौकोसमा रगत छर्किएका परिवारहरूलाई परमेश्वरले सुरक्षित राख्नुभएको थियो, किनभने विश्वास गरेर तिनीहरूले चौकोसमा रगत छर्काएका थिए। अनि नयाँ निर्देशन परमेश्वरले मोशाद्वारा दिनुभयो, "इस्राएलीहरूमध्येका मानिस र पशुका गर्भका प्रथम फल, अर्थात् पहिले जन्मेका सबै नरहरूलाई मेरो निम्ति अर्पण गर्। ती मेरा हुन्" *(प्रस्थान १३:२)*। यो उर्दी मानव प्राणीको निम्ति मात्र होइन पशुहरूलाई पनि लागू गरिएको थियो।

यो उर्दीको एक नीति यो हो कि उहाँ सृष्टिकर्ता हुनुभएकोले उहाँ सबै थोकको स्वामी हुनुहुन्छ: "पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरू सबै उहाँकै हुन्" *(भजनसंग्रह २४:१)*। "'चाँदी मेरै हो, र सुन पनि मेरै हो' भनी परमप्रभु भन्नुहुन्छ"

*(हाग्गै २:८)*। इस्राएलीहरूका पहिला जन्मेकाहरू परमेश्‍वरका आशिष्का पहिलो अगौटे फल थियो जुन उहाँले तिनीहरूलाई बर्षाउनुभएको थियो। यो पनि उहाँमा पूर्ण समर्पितको चिन्ह हो र सबै थोक उहाँको मात्र हो भनेर बुझाउने प्रतीक थियो।

यहाँ उद्धार र मुक्तिको अवधारणा पनि हामी देख्न सक्छौं। पहिला जन्मेका छोराहरूलाई बचाउनुभएको थियो किनकि तिनीहरू रगतले पोतेका थिए। तिनीहरू मृत्युबाट उद्धार गरिएका थिए। तिनीहरू सबै येशूका रगतमुनि छन्। यस सन्दर्भमा पावलले लेख्दछन्, "उहाँमा हाम्रो उद्धार, अर्थात् उहाँको रगतद्वारा पापको क्षमा छ" *(कलस्सी १:१४ रूपान्तरित)*।

यो समर्पणको विधि कसरी चलाउने भनेर निर्देशन दिइएको थियो। यो मिश्रदेशबाट तिनीहरूलाई गरिएको उद्धारको उत्सव थियो। तिनीहरूले पशुहरूलाई बलि चढाउनुपर्थ्यो तर छोराहरूले मुक्ति पाउनेथिए *(प्रस्थान १३:१२, १३, १५)*।

**प्रस्थान १३:१६ले बताउँछ, "यो परमप्रभुले हामीलाई आफ्नो शक्तिशाली बाहुलीले मिश्रबाट निकालेर ल्याउनुभएको हो भनी तिमीहरूका निम्ति हातमा भएको एउटा चिन्ह र निधारमा भएको एउटा सङ्केत हुनेछ।" हामीमा जतिसुकै विश्‍वास भए तापनि उहाँको त्यो निर्देशन हामी मान्नुपर्छ भन्ने कस्तो आत्मिक सन्देश यसमा हामीलाई दिइएको छ?**

## लाल सागर पार

**पढ्नुहोस्: प्रस्थान १३:१७-१४:१२ पढ्नुहोस्। जब इस्राएलीहरू मिश्रदेशबाट निस्के तब तिनीहरूलाई परमेश्वरले कसरी अगुवाइ गर्नुभयो र अर्को के भयो?**

---

---

परमेश्वरले मोशालाई दिनुभएको निर्देशनअनुसार इस्राएलीहरू सङ्गठित सेनाको रूपमा मिश्रदेशलाई छोडेको थियो। हिब्रू शब्द *tsaba* र *makhaneh*को अर्थ "फौज," "पल्टनहरू," "शिविर," र "जमात" भनेर बुझाउँछ *(प्रस्थान ६:२६; प्रस्थान ७:४; प्रस्थान १२:१७, ४१, ५१; प्रस्थान १४:१९, २०; र यी पदहरूसँग प्रस्थान १३:१८ तुलना गर्नुहोस्)*। तिनीहरू दल-दलमा विभाजित गरिएका थिए र सेनाको फौज जस्तो मार्च गरे वा अघि सरेका थिए। पछि गएर मोआबका पहाडहरूबाट इस्राएलीहरू "कुल-कुल मिलेर शिविर राखेका थिए" भनेर बालामले देखेका थिए (गन्ती २४:२)।

मोशाले योसेफका हड्डीहरू साथमा लगेका थिए *(प्रस्थान १३:१९)*। यो विस्तृत विवरण महत्त्वपूर्ण छ। यसले परमेश्वरका प्रतिज्ञाहरूमा भएको योसेफको विश्वास पूरा भएको प्रकट गरेको थियो। आफू मिश्रदेशको भव्य र शानदार सभ्यतामा रहे तापनि र सबै सुख सुविधाको उपभोग गरे तापनि प्रतिज्ञा गरिएको देशमा दृष्टि लगाउन उनले कहिल्यै पनि छोडेका थिएनन्। त्यसैकारण, आफ्ना अस्थिहरू कनानमा लान उनले अनुरोध गरेका थिए *(उत्पत्ति ५०:२४, २५)*। प्रभुले मिश्रदेशमा इस्राएलीहरूलाई अगुवाइ गरेर उहाँले शपथ खानुभएको अनुसार प्रतिज्ञा गरिएको देशमा लानुहुनेछ भनेर उनले विश्वास गरेका थिए *(हिब्रू ११:२२)*। जब इस्राएलीहरू कनानमा आइपुगे तब योसेफका अस्थिहरू शकेममा गाडेका थिए *(यहोशू २४:३२)*।

बादल र आगोको खम्बाले उहाँका जनहरूसँग भएको उपस्थिति जनाउँछ। त्यहाँ तिनीहरूसँग प्रभु हुन्थ्यो र बादलबाट बोल्नुहुन्थ्यो *(प्रस्थान १४:२४; गन्ती १२:५, ६)*।

फेरि त्यसै समय फारोको हृदयको पर्दाफास भएको थियो। उनी परिवर्तन भएका थिएनन् र कहिले पनि सच्चा हृदयले पश्चात्ताप गरेका थिएनन्। परमेश्वरले उनलाई आशिष् दिन उनले गरेका अनुरोध झूठ थियो। उनका आफ्नै हृदयले धोखा दिएको थियो हुन सक्छ। उनले आफ्ना सैनिक फौजहरू जम्मा गरे र भागेका दासहरूका पछि लागे। उनी पापद्वारा पूरै अन्धो भएका थिए।

जब इस्राएलीहरूले फारोका सैनिक पछि-पछि लागेका देखेका थिए तब तिनीहरू बिस्मात भएर हृदयदेखि क्रन्धन व्यक्त गरेका थिए जुन बारम्बार तिनीहरूले दोहोऱ्याएका थिए, "तिनीहरूले मोशालाई भने, 'के मिश्रमा चिहानहरू थिएनन्, र तपाईंले हामीलाई यस उजाड़-स्थानमा मर्नलाई ल्याउनुभयो? हामीलाई मिश्रबाट ल्याएर यो के गर्नुभयो? के मिश्रमा "हामीलाई मिश्रीहरूको सेवा गर्न छोड़िदिनुहोस्" भनी हामीले तपाईंलाई भनेका थिएनौं र? उजाड़-स्थानमा मर्नुभन्दा त हामीलाई मिश्रीहरूकै सेवा गर्न असल हुने थियो'" *(प्रस्थान १४:११-१२)*।

तिनीहरूले परमेश्वरको शक्तिलाई नाटकिय ढङ्गमा प्रस्तुत गरिएको देखेपछि गुनासो पोखेका थिए। आफ्नै जेठाहरूलाई मृत्युबाट बचाइएका थिए। तिनीहरूमा भएको विश्वासको कमीले सबैलाई स्तब्ध पार्दछ।

**तपाईंले बिगतमा भयानक परिस्थिति सहनुपरेको अन्तिम पल्ट सोच्नुहोस्। तपाईंको पहिलो प्रतिक्रिया के थियो: परमेश्वरमा विश्वास कि विश्वासको कमी? त्यस अनुभवबाट तपाईंले के पाठ सिक्नुभयो जसले आउने परिस्थितिहरूमा तपाईंलाई सहयोग गर्नेछ?**

# विश्वासद्वारा अघि बढ्नु

पढ्नुहोस्: **प्रस्थान १४:१३-३१ पढ्नुहोस्। तिनीहरूमा विश्वासको कमी भए तापनि परमेश्वरले तिनीहरूलाई के गर्नू भनेर आदेश दिनुभएको थियो?**

मोशाले परमेश्वर र उहाँका वचनलाई पूरै हृदयले विश्वास गरेका कारण उनले मानिसहरूलाई उत्साह दिन सक्षम भएका थिए। कठिन परिस्थितिहरूमा कस्तो कदम चाल्नुपर्छ भनेर उनले चार निर्णायक बुँदाहरू प्रस्तुत गरेका थिए:

१. "नडराऊ वा त्रसित नहोऊ" *(प्रस्थान १४:१३)*। पहिलो अनुरोध त परमेश्वरमा भरोसा राख्नु हो। उहाँमाथि भरोसा राखेर मात्रै डरलाई जित्न सकिन्छ। परमेश्वरका भक्तहरू उहाँका हातहरूमा छन् भनेर यशैयाले हामीलाई याद दिलाएका छन्। उहाँलाई परमेश्वर र प्रभु भनेर विश्वास गर्नेहरूका निम्ति उहाँले नै काम गर्नुहुनेछ: "यसैले नडरा, किनकि म तिमीसित छु। निरुत्साहित नहो, किनकि म तिम्रा परमेश्वर हुँ।... किनकी म, परमप्रभु तिम्रा परमेश्वर हुँ, म तिम्रो दाहिने हात समात्छु, र तिमीलाई यसो भन्छु, 'नडरा, म तिमीलाई सहायता गर्नेछु'" *(यशैया ४१:१०, १३)*।

२. "स्थिर होओ वा आफ्नो अडानमा उभिनु" *(प्रस्थान १४:१३)*। यसको अर्थ गनगन नगर्नु मात्र होइन र महान् थोकहरूको अपेक्षा गर्ने मात्र होइन, तर परमेश्वरमा भरोसा राखेर उहाँको हस्तक्षेपको निम्ति पर्ख किनकी उहाँले उहाँको समयमा आफ्नो काम सम्पन्न गर्नुहुनेछ।

३. "परमप्रभुले आज तिमीहरूलाई दिनुहुने छुटकारा हेर" *(प्रस्थान १४:१३)*। हाम्रो आस्था वा विश्वास बढाउन परमेश्वरको

नेतृत्वलाई हामीले स्वीकार्नुपर्छ। उहाँले सहयोग गर्छु भनेर गर्नुभएको प्रतिज्ञाप्रति हामी आभारित हुनुपर्छ। "हेर" भन्नुको अर्थ अविश्वासले अन्धा भएको आँखालाई खुलाउनु हो। परमेश्वरले मात्र विजय, सुरक्षा र मुक्ति उपलब्ध गराउन सक्नुहुन्छ। हाम्रो साथमा परमेश्वर जहिले पनि हुनुहुन्छ। उचित समयमा उहाँले हामीलाई स्याहार गर्नुहुन्छ र हामीलाई चाहेको वस्तु उपलब्ध गराउनुहुनेछ।

४. "परमप्रभु नै तिमीहरूका निम्ति लड्नुहुनेछ। तिमीहरू केवल स्थिर बस" *(प्रस्थान १४:१४)*। परमेश्वरले के कदम चाल्नुहुनेछ सो यहाँ बताइएको छ: उहाँका जनहरूका निम्ति उहाँ नै व्यक्तिगत रूपमा संलग्न भएर संग्राम गर्नुहुनेछ। कलवरी त्यस वास्तविकताको पराकाष्ठा प्रमाण हो। क्रूसमा ख्रीष्टले शैतानलाई जित्नुभएको थियो ताकि उहाँले हामीलाई अनन्त जीवन दिन सक्नुभएको होस् *(यूहन्ना ५:२४; हिब्रू २:१४; प्रकाश १२:१०, ११)*। पछि मिश्रीहरूले नै यो महसुस गरे कि इस्राएलीहरूका निम्ति प्रभुले नै युद्ध गरिरहनुभएको छ *(प्रस्थान १४:२५)*।

परमेश्वरको आदेश मोशालाई स्पष्ट थियो, "अघि बढ।" परमेश्वरले उहाँका कार्यनीतिको योजना मोशालाई एक-एक गरेर सुनाउनुभयो: (१) परमेश्वरका स्वर्गदूत र बादलको खम्बा तिनीहरूका अगाडिबाट सरेर पछाडि जानेछ। मिश्रीहरूबाट तिनीहरूलाई सुरक्षा दिनेछन्; (२) विश्वासद्वारा मोशाले आफ्नो हात समुद्रतिर फैलाउनेथिए; (३) प्रभुले पानीलाई विभाजित पारेर समुद्रमा ठूलो हुरी पठाउनुभएर बाटो तयार गर्नुहुनेथियो; (४) त्यसको परिणामले इस्राएलीहरू सुक्खा जमिन भएर अर्को किनारामा पुगे। मिश्रीहरू आँखा चिम्लेर तिनीहरूका पछि लागे। परमेश्वरले असाधारण रूपमा उहाँका जनहरूलाई के गरिरहनुभएको थियो सो तिनीहरूले महसुस गर्न सकेनन्। जब तिनीहरू डुबे तब मात्र तिनीहरूलाई थाहा भयो। तिनीहरूले गरेका स्वीकार प्रस्थान १४:२५मा लेखिएको छ।

# मोशा र मिरियमका गीत

मिश्रीहरूका सारा फौज डुबेको थियो। कोही पनि बाँचेन। फारो पनि बाँचेन *(भजनसंग्रह १३६:१५ हेर्नुहोस्)*। मिश्रीहरूको यो हार अत्यन्तै चकितलाग्दो थियो। परमेश्वरका जनहरूका निम्ति यो पूरा जित थियो। त्यसैकारण, पौराणिक समयदेखि अहिलेसम्म पनि यहूदीहरूले यो कथा तिनीहरूका घर-घरमा दोहोऱ्याउँछन्।

पढ्नुहोस्: **प्रस्थान १५:१-२१ पढ्नुहोस्। मोशाका गीतको विषयवस्तु के थियो?**

________________________________________________

________________________________________________

यो गीत प्रभुको स्तुति र प्रशंसा थियो। उहाँ शक्तिशाली योद्धा हुनुहुन्छ जसले उहाँका जनहरूका विरुद्धमा जानेहरूलाई परास्त गर्नुहुनेछ। मोशाले यस विषयलाई व्यक्तिगत रूपमा जोर दिएर लामो पार्छन्। उनका प्रभु, उनका परमेश्वर उनका बल, गीत र मुक्ति हुनुहुन्छ। उनले यसरी व्यक्त गर्छन्, "तर तपाईंले आफ्नो सास फुक्नुभयो, र समुद्रले उनीहरूलाई छोप्यो। शक्तिशाली समुद्रमा उनीहरू सीसाझैँ डुबे। हे परमप्रभु, देवताहरूमा तपाईंझैँ को छ र? पवित्रतामा अति महान्, महिमामा भययोग्य, र उदेकका कर्म गर्नुहुने तपाईंझैँ को छ र? तपाईंले आफ्नो दाहिने बाहुली पसार्नुभयो, र पृथ्वीले उनीहरूलाई निलिहाल्यो" *(प्रस्थान १५:१०-१२)*।

मोशाको स्तुति प्रशंसा सबै परमेश्वरको बारेमा हो। उहाँ नै एक हुनुहुन्छ र उहाँले सबै थोक गरिरहनुहुन्छ। प्रभुलाई महिमित गराइएको छ, स्तुति प्रशंसा चढाइएको छ, र उहाँका जनहरूका निम्ति असाधारण काम गर्नुभएकोमा उहाँको तारिफ गरिएको छ। आभारित हुने र आराधना गर्ने हामीप्रति उहाँको भलोको स्वाभाविक प्रतिक्रिया हो। यदि हाम्रो जीवनमा आत्मिक जागृति भएको चाहन्छौं भने उहाँको प्रेमप्रति हामी आभारित हुन

जरुरी छ। परमेश्वरको निरन्तर प्रेमलाई विशेष गरेर जोर दिएको छ र उहाँको महिमा गरिएको छ। उहाँले उद्धार गर्नुभएका जनहरूलाई उहाँले नै पवित्र स्थानतिर अगुवाइ गर्नुहुन्छ। उहाँको सम्पत्तिको पहाडमा परमेश्वरले पवित्र स्थान स्थापना गर्नुहुनेछ भनेर मोशाले भविष्यवाणी गर्छन् *(प्रस्थान १५:१७)*। त्यसले सियोन पहाड र यरूशलेमको मन्दिरलाई औँल्याएको थियो।

मुक्ति पाएकाहरूले गाउने मोशाका गीत र थुमाको गीत प्रकाश १५:२-४मा उल्लेख गरिएको छ। यो स्वर्गमा कस्तो होला के हामीले कल्पना गर्न सक्छौं र? उहाँको महानता र अचम्मका कामहरूप्रति गरिने स्तुति प्रशंसाले उहाँ न्यायी र सत्य हुनुहुन्छ भनेर देखाउँछ। उहाँका धर्मी काम र पवित्रताको निम्ति उहाँलाई गरिने प्रशंसाले स्वर्ग गुञ्जायमान हुन्छ।

यो भजनको अन्तिम खण्ड हेर्नुहोस्। "सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।" हजारौँ वर्षसम्म चलेका खराब तत्त्वहरू र दमनकारी दुष्टहरूलाई दण्ड दिइनेछ। सारा राष्ट्रका मुक्ति पाएका जनहरूले उहाँको न्यायको प्रशंसा गरिनेछ।

**दार्शनिक इम्मान्युल कान्टले भनेका छन् कि यदि परमेश्वर न्यायी हुनुहुन्छ भने मानिसहरू मरेपछि अर्को जीवन हुनैपर्छ। यो किन सत्य छ र यस संसारमा भइरहेका अन्याय, अत्याचार, शोषण र दमनको अन्त एक दिन हुनेछ भनेर हामी कसरी विश्वास गर्न सिक्न सक्छौं? अहिले तिनीहरूका न्याय भइरहेको त छैन तर एक दिन त्यसको न्याय हुनेछ। त्यसबाट हामीले के सान्त्वना पाउन सक्छौं?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ. २८१-२९०को "द एक्सोदस" भन्ने अध्याय पढ्नुहोस्।

इस्राएलीहरूमा विश्वासको कमी भए तापनि परमेश्वरले तिनीहरूका साथमा हुनुहुन्थ्यो। उहाँका चुनिएका जनहरू भएको हैसियतले तिनीहरूका व्यवहार कस्तो हुनुपर्छ भनेर तिनीहरूलाई अगुवाइ गर्दै उहाँले सिकाउन चाहनुहुन्थ्यो। धैर्य भएर उहाँले तिनीहरूलाई अगुवाइ गर्नुभयो, र केही मात्रमा कम चुनौतीहरूको सामना गर्नुपर्ने ठाउँमा तिनीहरूलाई डोऱ्याउनुभएको थियो। एलेन जी. ह्वाइटले व्याख्या गर्नुहुन्छ: "इस्राएलीहरूमा परमेश्वरको बारेमा थोरै ज्ञान थियो र उहाँमा तिनीहरूका विश्वास थोरै मात्र थियो। जब तिनीहरूले फारोका फौज देखे, तिनीहरू त्राही-त्राही हुन्थे र निराश हुन्थे। तिनीहरूसँग हतियारहरू थिएनन्। तिनीहरूको युद्ध गर्ने बानी थिएन। लामो समयदेखिको बन्धनमा पर्दा तिनीहरू हतोत्साह भएका थिए। तिनीहरू स्त्री र बालबालिका, पशु बगालहरूका बोझमा थिए। लाल समुद्र पार गर्न अगुवाइ गर्ने क्रममा उहाँ करुणा र न्यायको परमेश्वर हुनुहुन्छ भनेर आफूलाई प्रकट गर्नुभएको थियो।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस्*, पृ. २८२।

मोशाको गीतको बारेमा टिप्पणी गर्दै *आन्ड्रयुज बाइबल कमेन्टरीले* लेख्छन्: "परमेश्वरको यो उद्धार गर्नुभएको विवरण इतिहासको पानामा लेख्नुको अर्थ हामीले भविष्यमा केही डर मान्नुपर्दैन भनेर देखाउँछ। अन्तिम हरफमा कनान देश जित्दा भविष्यका शत्रुहरूको सामना गर्नपर्ने कुरा लेखिइएको छ। परमेश्वरका पाखुराहरू शक्तिशी भएकोले उहाँका जनहरू पत्थरझैँ अडिग हुनेछन् (पद १६)। जब हामी असम्भव परिस्थितिको सामना गर्छौं र हामी के गरौं के गरौं भन्ने स्थितिमा पुग्छौं, तब हामी कतातिर लाग्ने भनेर ढुक्क हुन सक्छौं। हामी मोशाका गीत पढ्न सक्छौं। यसमा परमेश्वरका जनहरूको इतिहासमा घटेको महान् घटनाको सम्झना रचिएको छ।"—*आन्ड्रयुज बाइबल कमेन्टरी*, "एक्सोडस" (बेरियन स्प्रिङ्ग, मिशिगन आन्ड्रयु, २०२०), पृ. २१४।

## छलफलको लागि प्रश्नहरू:

१. हिब्रूहरूले अचम्मका उद्धारका घटनाहरूको अनुभव गरे तापनि, जब लाल समुद्रको चुनौतीको सामना गरे, तिनीहरूले व्यक्त गरिएको भावना कतिपय समयमा त्यस्तै परिस्थितिमा हामी पनि किन व्यक्त गर्छौं? विगत समयमा परमेश्वरले हामीलाई कति असल काम गर्नुभएको थियो र उहाँको शक्तिको प्रमाण पाए तापनि हामी किन सजिलैसँग विश्वासमा कमी भएको देखाउन पुग्छौं?

२. मिश्रदेशमा महाकाल साथै जेठाहरूको मृत्युपछि पनि फारोले इस्राएलीहरूलाई किन पिछा गरे? पापले गर्दा हाम्रो हृदय पत्थर जस्तो कडा गर्नु किन खतरा छ भनेर यसले के देखाउँछ?

३. हामी समय-समयमा भयानक दुःख, कष्टहरूको सामना गर्छौं, तैपनि हामीले केही धेरै असल वा धेरै-धेरै असल भएका अनुभवहरू गरेका छौं (र गर्दैछौं)। हामीलाई र हाम्रा प्रिय जनहरू सकुशल भएको हामी देख्छौं। यी समयहरूमा परमेश्वरको अनुग्रह र उहाँको सुरक्षा पाएको प्रमाण हामीले देख्छौं। हामी शैतानको क्षेत्रमा परिरहे तापनि हामीप्रति परमेश्वरको निगाहलाई कसरी सम्झिने? हामीलाई कुन विपत्तीबाट परमेश्वरले जोगाउनुभएको छ सो हामीलाई कहिल्यै थाहा नभएको कारणले हामीले असल समयमा परमेश्वरको स्तुति प्रशंसा किन गर्नुपर्छ?

# विशेष मिसन: अस्पताल

*लेखक:* आन्ड्यु मेकचेस्नी

रूसी मिसनरी डिमित्री बागल जर्मनीमा बस्दथे। उनमा तीन घातन नहुने क्यान्सरका ट्युमरहरू थिए। त्यसको उपचार गर्न अस्पतालमा जाँदा त्यो ठाउँ उनका निम्ति अप्रत्याशित मिसन क्षेत्र भएको भेट्टाए। त्यहाँ उनले धेरै मानिसहरूलाई भेटे। तिनीहरूमा कतिपय कुनै धर्म नमान्ने थिए भने कोही इसाई धर्म छोडेका मानिसहरू थिए। कतिपयले परमेश्वरका बारेमा कठिन र गम्भीर प्रश्नहरूसँग सङ्घर्ष गरिरहेका थिए।

एक जना बिरामीले छ पल्ट केमोथेरापी गरेको थियो। जर्मनकै म्युनिख अस्पतालमा उसको शल्यक्रिया भएको थियो। उसको क्यान्सर छ हप्तापछि फर्क्यो। डाक्टरले त्यसको उपचार गर्नुको केही अर्थ देखेनन्। बिरामीको दिमाग राम्रोसँग चलेन र आफ्नी श्रीमतीलाई पनि राम्रोसँग चिन्न सकेन। उनकी श्रीमतीको एक मात्र चाहना थियो कि उनी आफ्नो श्रीमान्का अन्तिम दिनहरूमा प्यालिएटिभ-केयर युनिट [मृत्युसम्म आराम दिने विभाग]मा बस्न सकून्। एक उपयुक्त समयमा, दिमित्रीले त्यही श्रीमतीलाई परमेश्वर र पीडाको बारेमा एउटा पुस्तिका दिए, र उनले दम्पतीसँग प्रार्थना गरे। प्रार्थनाले श्रीमतीको आँसु झार्न बाध्य बनाएको थियो।

त्यसै दिनमा, दिमित्रीले महिलालाई द *ग्रेट कन्ट्रोभर्सी* र द *डिजायर अफ एजेज* पुस्तकहरू दिए। यी पुस्तकहरूले आफूलाई र अरू धेरैलाई ठूलो सान्त्वना दिएको कुरा उनले बिरामीको श्रीमतीलाई सुनाएका थिए। त्यस श्रीमतीले डिमित्रीलाई आफूसँग भएको १४ युरो (अमेरिकी डलर १५) दिइन्। त्यो उनको पर्समा भएको सबै पैसा थियो। ती दम्पती आफूले भेट्नेछु भनेर डिमित्रीले विश्वास गर्छन्। यस पृथ्वीमा नभए पनि नयाँ पृथ्वीमा भेट्ने उनको आशा छ।

अज्ञात रोगले अस्पतालमा भर्ना भएका एक युवकलाई पनि डिमित्रीले भेटे। इरानको त्यस युवकले बेलायतमा आफ्नो पढाइ छोडेर उपचारको लागि जर्मनीमा आएको थियो। डाक्टरहरूले उसको रोग थाहा पाएका थिएनन्। त्यो युवक हिँड्न सक्दैनथ्यो। त्यसैले दिमित्रीले उसलाई लगभग हरेक दिन ह्वीलचेयरमा अस्पतालमा घुमाउँथे। त्यो युवक इसाई त थिएन, तैपनि उसले डिमित्रीलाई आफ्नो लागि येशूलाई प्रार्थना गर्न अनुरोध गरे। डिमित्रीले दिन-दिनै प्रार्थना गरे। अनि त्यो युवक निको हुन थाल्यो। केही समयमा नै ऊ कसैको सहयोगले उभिन र हिँड्न सक्न थाल्यो। ती दुई जनाले जर्मन भाषामा कुराकानी गरेका थिए। त्यो युवक बेलायतमा अध्ययन गरेको हुनाले, दिमित्रीले उसलाई द *ग्रेट कन्ट्रोभर्सी*को अङ्ग्रेजी प्रतिलिपि दिए। महिनौँ पछि पनि, डिमित्रीले अझै पनि उसको लागि प्रार्थना गरिरहेका थिए। “याद गर्नुहोस् कि तपाईंलाई यो थाहा हुँदैन। तपाईंको विश्वासको प्रयासले कस्तो नतिजा ल्याउनेछ” भन्ने एलेन जी. ह्वाइटको भनाइलाई (*कलपोर्टर मिनिस्ट्री*, पृष्ठ ११४) उनले मनमा राखेका थिए।

अस्पतालमा दुई हप्ता बिताउँदा डिमित्रीले द *ग्रेट कन्ट्रोभर्सी* २०प्रति र अरू पुस्तकहरू दिएका थिए; पुस्तक डाउनलोड गर्न QR कोड भएका धेरै भिजिटिङ कार्डहरू पनि वितरण गरे; र त्यस अस्पतालका लगभग १० वटा सार्वजनिक पुस्तक ऱ्याकहरूमा पुस्तकहरू राखे।

“धेरै बीउ रोपिएका छन्, र म प्रार्थना गर्छु कि तिनीहरूले फल फलाउनेछन्,” उनले भने। “हामी परमेश्वरको अन्तर्गत काम गर्छौं तर त्यसको नतिजा उहाँमा नै हुन्छ” डिमित्रीले सुनाए।

